CIVIC ACTION TEAMS

Nepal Coronavirus CivActs Campaign

अंक #४२

२५।३।२०७७

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

शंकास्पद तथा संक्रमित व्यक्तिको उपचारमा हुने प्रति दिन लागत खर्च

लक्षण नभएका वा सामान्य लक्षण भएका बिरामी घरमा — रु. २००

(स्वास्थ्यकर्मीले क्लिनिकल निगरानी गर्दा लाग्ने खर्च)

लक्षण नभएका वा सामान्य लक्षण भएका बिरामी आईसोलेशन केन्द्रमा — रु. २०००

सामान्य लक्षण भएका बिरामी अस्पतालमा — रु. ३५००

मध्यम जटिल बिरामी अस्पतालमा — रु. ७०००

जटिल र क्रिटिकल बिरामी अस्पतालमा — रु. १५०००

प्रस्तावित लागतमा कोरोना संक्रमित बिरामीको उपचारमा संलग्न स्वास्थ्यकर्मीको जोखिम भत्ता पनि समावेश गरिएको छ । सो रकम, सरकारले सम्बन्धित आईसोलेशन केन्द्रलाई उपलब्ध गराउने छ । होम आईसोलेशनमा बस्ने बिरामीहरूको क्लिनिकल निगरानी गर्दा लाग्ने रकम सम्बन्धित स्थानीय तहलाई सरकारले उपलब्ध गराउँछ । कोभिड - १९ को शंकास्पद र संक्रमितको उपचार निःशुल्क हुन्छ ।

स्रोत: https://drive.google.com/file/d/1Les4fw4GvPvqrrX8_eFlo1qNJoTKDt7u/view

नेपाल अपडेट

कर्णाली प्रदेश अस्पताल अन्तर्गत रहेको कोरोना विशेष अस्पतालमा संक्रमणबाट मुक्त भएका स्वास्थ्यकर्मीको समूह

तस्बिर: कलेन्द्र सेजुवाल

हल्ला र तथ्य

आईसोलेशन केन्द्रमा धेरै बिरामी हेर्न, थोरै मात्र चिकित्सक हुन्छन् । जटिल अवस्थाका बिरामीले समयमै उपचार नपाउँदा त ज्यान समेत गुमाउनु पर्छ । यो अवस्थालाई कसरी हेरिएको छ ?

आईसोलेशन केन्द्रमा लक्षण नभएका वा सामान्य लक्षण भएका संक्रमितहरु मात्र राख्नु पर्दछ । ६० वर्ष भन्दा माथी तथा दिर्घ रोगी भएमा छुट्टै राखी विशेष क्लिनिकल निगरानी गर्नु पर्दछ । जटिल अवस्थाका बिरामीलाई अस्पतालमा राख्ने व्यवस्था मिलाउनु पर्दछ । आईसोलेशन केन्द्रमा रहेका संक्रमितहरुको कुनै पनि बेला स्वास्थ्यमा थप जटिलता हुनसक्ने कुरालाई मध्यनजर गरी कम्तिमा पनि दिनको तिन पटक स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

स्रोत: https://drive.google.com/file/d/1igGRp3ZHY9tOEMakob4nZL_DbFYO9n2N/view

अस्पतालमा कोभिड - १९ का बिरामीबाट निस्किएको फोहोर नछुट्याउँदा संक्रमणको जोखिम बढ्यो भनिन्छ ।

कोभिड - १९ अस्पतालहरुको प्रशासनिक क्षेत्र र कुर्ने स्थानको फोहोरलाई मात्र संक्रमित नहुने फोहोरको रुपमा लिन सकिन्छ । यस बाहेक संक्रमित र संकासपद लगायतलाई स्याहार गर्दा उत्पादित सम्पुर्ण फोहोरमैलालाई संक्रमणयुक्त फोहोरमैलाको रुपमा लिने र उक्त फोहोर प्रष्ट लेबल लगाईएका भाँडाहरुमा र धारिलो वस्तुहरुलाई सुरक्षित बक्स भित्र संकलन गरी राखिन्छ । यसको लागि सरकारले अन्तरिम निर्देशिका जारी गरेर लागु गरेको छ ।

स्रोत: https://drive.google.com/file/d/1ciwPUAN7PXWf7NeWx7myVzuLAd8gYP8w/view

सरकारले प्राय सबै व्यवसायिक क्षेत्रकको लागि सुरक्षा मापदण्ड बनायो । अहिले किसानले खेती गर्ने समय हो । यसको लागि कुनै सुरक्षा मापदण्ड बनेको छैन ?

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कोभिड - १९ महामारीको समयमा कृषि क्षेत्रले अपनाउनु पर्ने सुरक्षा मापदण्ड जारी गरेको छ । जस अनुसार किसानले,
१) बालि लगाउने, गोड्ने, काट्ने/उठाउने कार्यको लागि एक व्यक्तिलाई एक गह्रा तोकेर काम गर्ने, २) विश्राम गर्दा र खाजा खाँदा २ मिटरको दुरी कायम राख्ने, ३) कृषि मेसिनको प्रयोग गर्नुपरे थोरै व्यक्ति मात्र संलग्न हुने र प्रयोग अघि र प्रयोग पश्चात निसंक्रमण गर्ने, ४) कृषि कार्य गर्दा एकै दिनमा एकै ठाउँमा धेरै व्यक्ति भेला नहुने, ५) कुनै संदिग्ध वा सम्भावित संक्रमितलाई काममा नलगाउने, ६) पशुपन्छी स्याहार गर्दा छुट्टै लुगा र जुत्ता प्रयोग गर्ने र ७) पशुपन्छीको खोर नियमित निसंक्रमण गर्ने भनिएको छ ।

स्रोत: https://s3-ap-southeast-1.amazonaws.com/prod-gov-agriculture/server-assets/notice-1593959722530-a99cf.pdf

काठमाण्डौ उपत्यकामा अहिले ट्याक्सीहरु निर्वाद चलिरहेका छन् । के प्रशासनले उनिहरुलाई पास दिएको हो ?

प्रशासनले अत्यावस्यक कार्य जस्तै, मृत्यु संस्कार, विवाह, अस्पतालबाट डिस्चार्ज भएका व्यक्ति, सरकारी तथा संस्थाका कर्मचारी, आयोजना, परियोजनामा कार्यरत कर्मचारी नेपाल सरकारका प्रथमिकता प्राप्त आयोजनामा आवश्यक पर्ने जनशक्तिको औचित्य बिचार गरेर मात्र पास जारी गर्ने भनेको छ । जिल्ला प्रशासन कार्यालय काठमाण्डौले भाडाका सवारी साधन जस्तै ट्याक्सी, सुमो, माईक्रो बस तथा ठुलो बसको लागि सवारी पास जारी गरेको छैन ।

स्रोत: https://cutt.ly/0o0ko56

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्

COVID-19

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

Open Migration

मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

साउदी अरब	कुवेत	बहराईन	कतार	युएई	ओमान	मलेसिया	दक्षिण कोरिया
३,३४,४५१ नेपाली	७१,१२३ नेपाली	२६,००० नेपाली	४,०६,९१७ नेपाली	२,२४,९०५ नेपाली	१७,०५७ नेपाली	५००,००० नेपाली	३८,८६२ नेपाली
२,२०,१४४ संक्रमित	५२,००७ संक्रमित	३०,९३१ संक्रमित	१०१,५५३ संक्रमित	५३,०४५ संक्रमित	५१,७२५ संक्रमित	८,६८३ संक्रमित	१३,२९३
१,६५० नेपाली संक्रमित	१००० नेपाली संक्रमित	४५१ नेपाली संक्रमित	२०,००० नेपाली संक्रमित	१६०० नेपाली संक्रमित		८१ नेपाली संक्रमित	
९ मृत्यु भएका नेपाली	४ मृत्यु भएक नेपाली	३ मृत्यु भएका नेपाली	७ मृत्यु भएका नेपाली	२५ मृत्यु भएका नेपाली			



स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

कतारमा रहेका नेपाली समस्यामा परे सिधै दुतावासमा सम्पर्क गर्न सकिने

कतार स्थीत नेपाली दुतावासले त्यहाँ रहेका नेपालीहरुको लागि सहज होस् भनेर उनिहरुको समस्या फोनबाटै हल गर्ने उद्देश्यका साथ हटलाईन नम्बर र एक्टेन्सन नंम्बर उपलब्ध गराएको छ ।

हटलाईन ४४६७५६८१

एक्सटेन्शन नम्बरहरु

१. रोजगारीजन्य समस्याका लागि ११५
२. कम्पनी मार्फत् नेपाल फर्कने प्रकृयाका लागि ११६
३. आफन्तको मृत्यु भई काजक्रियाका लागि नेपाल फर्कनु पर्ने भएमा १११
४ कोभिड - १९ बाहेक जटिल स्वास्थ्यजन्य समस्या भई तत्काल नेपाल फर्कनुपर्ने भएमा ११३
५. पर्यटक तथा पारिवारिक भिषामा कतारमा रही तत्काल नेपाल फर्कनु पर्ने भएमा १०५
६. नेपालीको मृत्यु तथा शव नेपाल लैजाने विषयका लागि ११४
७. तुरुन्त नेपाल जानु पर्ने अवस्थामा Travel Document जारी गर्नुपर्ने भएमा ११०
८. श्रम सहचारीका लागि ११९
९. लेखा शाखाका लागि १०९
१०. अन्य जानकारी वा अपरेटरका लागि ०

सार्वजनिक बिदाका दिन बाहेक हरेक आइतवार देखि बिहीबारसम्म बिहान ९ बजेदेखि अपरान्ह ४ बजेसम्म फोन गर्नहुन समेत अनुरोध गरीएको छ । साथै, दुताबास द्धारा यसअघी, ४ जुन २०२० को सूचनामा प्रकाशित गरिएका मोवाईल नम्बरहरु क्रमशः 33880321, 66963616, 66950724, 70453388 र WhatsApp number 33560117 अब उप्रान्त प्रयोगमा नरेहको व्यहोरासमेत जानकारी गराईएको छ ।

accountabilitylab NEPAL

$ फलो द मनी - खर्चको अर्थ

संघिय सरकार

जम्मा

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

करिब १ अर्व ४८ करोड

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

करिब २ अर्व २६ करोड

दाता

ए.डि.बि.
करिव ३० अर्व ३३ करोड

विश्व बैंक
करिव ३ करोड ४८ लाख

आई.एम.एफ.
करिव १५ अर्व ८८ करोड

युरोपियन युनियन
करिव ९ अर्व ९४ करोड

खर्च

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

करिब ४ अर्व १० करोड

रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

२ अर्ब ३४ करोड निकासा

प्रदेश सरकार

प्रदेश	प्रदेश १	प्रदेश २	बागमती प्रदेश	गण्डकी प्रदेश	प्रदेश ५	कर्णाली प्रदेश	सुदुरपश्चिम प्रदेश
जम्मा रकम	करिब २९.४ करोड	करिब २६.६ करोड	करिब ४२.९ करोड	करिब १८.३ करोड	करिब १५.६ करोड	करिब २५.४ करोड	करिब ४२.५ करोड
खर्च गरिएको रकम	करिब १९.३ करोड	करिब १३.३ करोड	करिब १३.६ करोड	करिब १५.४ करोड	करिब ७.७९ करोड	करिब २३.९ करोड	करिब ३६.४ करोड

कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय अन्तरगतका विभिन्न निकायमा भएको बजेट निकासा र खर्च



accountabilitylab NEPAL

$ फलो द मनी - खर्चको अर्थ

कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय अन्तरगतका विभिन्न निकायमा भएको शिर्षकगत जम्मा खर्च

स्वास्थ्य निर्देशनालय



अस्पताल (प्रदेश र जिल्ला)



जनस्वास्थ्य सेवा कार्यालय



जिल्ला स्थीत स्वास्थ्य सेवा कार्यालय



नोट: हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

सुदूरपश्चिम प्रदेशमा कोभिड - १९ को परीक्षण दायरा बढाउन नसक्दा जोखिम बढ्यो

तथ्यांकमा सुदूरपश्चिम प्रदेशको अवस्था

नमूना संकलन : २५,७२२

जाँच गरिएको : २३,५४८

जाँच गर्न बाँकी : २,१७४

स्वाव स्टोरेज क्षमता : ११००

दैनिक परीक्षण क्षमता : २७००

संक्रमण पुष्टि भएको संख्या : ३,८७१

डिस्चार्ज हुनेहरुको संख्या : ९३८

कोभिड - १९ बाट मृत्यु हुनेहरुको संख्या: ६ जना

५०० भन्दा बढि आईसोलेशन रहने जम्मा ६ वटा जिल्ला मध्ये ३ जिल्ला (अछाम, बाजुरा कैलाली) सुदूरपश्चिम प्रदेशका

सुदूरपश्चिम प्रदेश

निर्णय कार्यान्वयन हुन नसक्दा जोखिम बढ्यो

संकलन गरिएका नमुना मध्ये २,१७४ नमुना परीक्षण गर्न बाँकी नै छ । प्रदेश भित्रै परीक्षणको क्षमता हेर्ने हो भने, अहिलेकै संकलित नमुना परीक्षण गर्न नै कम्तिमा पनि ८ दिन लाग्छ । सुदूरपश्चिम प्रदेश सरकारले तीन ठाउँमा राख्ने भनेका प्रयोगशाला अझै स्थापना हुन सकेको छैन् । प्रदेश सरकारको मन्त्रीपरिषद बैठकले गत चैत १५ गते बैतडी, डोटी र कैलालीमा कोभिड - १९ को परीक्षण गर्नको लागि पिसिआर प्रगोगशाला स्थापना गर्ने निर्णय गरेको थियो । तर सो निर्णय हालसम्म पनि कार्यान्वयनमा आउन सकेको छैन । प्रदेशमा एक मात्र सरकारी प्रयोगशाला धनगढीमा मात्रै रहेको छ, तर त्यो प्रयाप्त छैन । यद्यपी डडेल्धुरामा भने निजी क्षेत्रकै पहलमा शनिबारदेखि पिसिआर प्रयोगशाला सञ्चालनमा आएको छ ।

परीक्षणको दायरा बढाउन जरुरी छ

थुप्रै पटक स्टोरेज क्षमता नहुँदा प्रदेशमा नमुना संकलन कार्य नै रोक्नु पर्‍यो । यसले संक्रमण फैलिने जोखिम बढ्यो। अहिलेको अवस्था पनि त्यो भन्दा फरक नभएको माथिको तथ्यांकले देखाउँछ । यदि संकलन गरिएका नमुना समयमै परीक्षण हुने हो भने, नमुना स्टोरेजको समस्या पनि हुने छैन र संक्रमण फैलिने जोखिम पनि घटेर जानेछ । त्यसैले, अहिलेको अवस्थामा परीक्षणको दायरा बढाउनुको विकल्प छैन ।

फ्रन्टलाईनर्स भोईसेस्

पुण्यप्रभा देभकोटा

स्वास्थ्यकर्मी

मुगु

"हेल्थ डेस्कमा खटिने स्वास्थकर्मीलाई प्रयाप्त स्वास्थ्य सुरक्षा उपकरण छैन । सुरुमा एउटै पिपिई तिन जनाले फेरीफेरी प्रयोग गर्नुपर्ने बाध्यता थियो । निसंक्रमण गर्ने औषधी पनि थिएन । एउटाले प्रयोग गरेपछि घाममा सुकाएर अर्कोले प्रयोग गर्नुपर्दथ्यो । अहिले कम्तिमा पनि एकजनालाई एउटा सेट उपलब्ध छ । अग्रपंक्तिमा खटिएर काम गर्न एकदमै जोखिम छ, तर अरुको लागि लड्नुपर्ने जिम्मेवारीमा रहँदा आफैले सावधानी अपनाउनुको विकल्प रहदैन ।"

सुनिता राना

स्टाफ नर्स

सेती प्रादेशिक अस्पताल, धनगढी

"सुरुमा दुई वर्षकी सानी छोरीलाई भेट्न नपाउँदा केही अप्ठेरो लाग्यो । तर, सुदूरपश्चिममा संक्रमणको जोखिम बढ्दै गाईरहेको अवस्थामा जिम्मेवारी थपिदै जाँदा सबै कुरा भुलियो । आफै प्रत्यक्ष सम्पर्कमा भएका व्यक्तिमा संक्रमण पुष्टि हुदाँमात्र आफु जोखिममा रहेको महसुस हुन्थ्यो । तिन महिना पछि, अवस्था अलि सामान्य हुदैजाँदा १४ दिन क्वारेन्टाईनमा बसेर पिसिआर परीक्षण पश्चात छोरीलाई भेटे । फेरी उही आत्मबलकासाथ इयुटीमा फर्किएकी छु । हामी जस्तो स्वास्थ्यकर्मीको लागि प्रयाप्त सुरक्षा उपकरण भयो भने अझै उच्च मनोबलका साथ काम गर्न सकिन्छ ।"

गिता अधिकारी

उप - प्रमुख

दमक नगरपालिका, झापा

"म नगरपालिकाको प्रवक्ता भएको नाताले पनि कोभिड - १९ संग सम्बन्धित सबै आयव्ययको हिसाब हरेक दिन प्रेस विज्ञप्ती मार्फत सार्वजनिक गर्ने गरेको थिए । यति गर्दा मात्र पनि जनताको विश्वास जित्न सकिदो रहेछ भन्ने महसुस भएको छ । अब हाम्रो प्राथमिकता विद्यालयमा भएका क्वारेन्टाईन सामुदायिक भवनमा सारेर प्रविधिको माध्यमबाट शैक्षिक कृयाकलाप सुचारु गर्ने र भुमि बैंकलाई कार्यान्वयन गर्ने हो।"

सही सूचना

दैनिक कोभिड - १९ बाट सञ्चो हुनेहरुको संख्या



माथिको ग्राफले अन्तिम दुई हप्तामा दैनिक रुपमा कोभिड - १९ बाट सञ्चो हुनेहरुको संख्यालाई देखाउँछ । सञ्चो हुनेहरुको संख्या यो अवधीमा बृद्धि भएको छ । हाल सम्म सञ्चो भएकाहरु मध्ये, यो अवधीमा मात्र ७०% संक्रमित सञ्चो भएर घर फर्किएकाछन् । तर, यदि हामीले सबै भन्दा धेरै डिस्चार्ज भएको जुलाई २ को दिनलाई छोड्ने हो भने, दैनिक डिस्चार्ज हुनेको औसत संख्या २८८ जना रहेको छ, जुन सोही अवधीमा संक्रमितको औषत संख्या (४०० जना प्रति दिन) भन्दा थोरै हो । यसको मतलब, गएको दुई हप्तामा अस्पतालमा दैनिक थप १६६ जना थपिएकाछन् । जसले स्वास्थ्य संयन्त्रमा उच्च दबाव सृजना भएको छ ।

स्रोत: HEOC, MoHP, SitRep

DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि जुलाई महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

Coronavirus CivActs Campaign is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219